
दिगो विकास लक्ष्य स्वैच्छिक स्थानीय समीक्षा

# स्रोत पुस्तिका




गैरसरकारी संस्था महासंघ नेपाल

नेपाल दिगो विकास मञ्च

# दिगो विकास लक्ष्य स्वैच्छिक स्थानीय समीक्षा

# श्रोत पुस्तिका





प्रकाशक

गैरसरकारी संस्था महासंघ नेपाल

नेपाल दिगो विकास मञ्च

**प्रकाशन**
गैर सरकारी संस्था महासंघ नेपाल

**पहिलो संस्करण**
२०७९

**सर्वाधिकार**
गैर सरकारी संस्था महासंघ नेपाल, २०७९

**डिजाइन एण्ड लेआउट**
निर्मल गैरे

# धन्यवाद

गैर सरकारी संस्था महासंघले दिगो विकास लक्ष्यलाई स्थानीयकरण गर्दै लक्ष्यहरु प्राप्त गर्न विभिन्न गतिविधिहरु तथा प्रकासनहरु गरिरहेको यहाँहरुलाई अवगत नै रहेको छ । महासंघले नेपाल दिगो विकास मञ्चको सचिवालयका रुपमा अन्य सबै सामाजिक संघसंस्थाहरु र नेपाल सरकारका विभिन्न निकायहरुमा सहकार्य र समन्वय गर्दै दिगो विकास लक्ष्यमा सचेतना बृद्धि, क्षमता विकास, नीतिगत वहस पैरवी तथा स्वच्छिक राष्ट्रिय र स्थानीय समीक्षामा सकृय रहेको छ । यसै सर्न्दभमा दिगो विकास लक्ष्यलाई स्थानीयकरण गर्न र स्वैच्छिक स्थानीय समीक्षाका लागि उपयुक्त श्रोत सामग्री नभएको परिप्रेक्ष्यमा यस विषयमा क्षमता विकास गर्ने उद्देश्यले यो श्रोत पुस्तिका यहाँहरुको माझमा ल्याएका छौ ।

**दिगो विकास लक्ष्यको स्वैच्छिक स्थानीय समीक्षा** नयाँ विषय भएकाले नेपाल मात्र नभई अन्य मुलुकका संघसंस्थाहरुका लागि पनि नमुना रहने कुरामा म विश्वस्त रहेको छु ।

यो पुस्तिका तयार गर्ने क्रममा व्यस्तताको वावजुद खोज, अध्ययन, लेखन र सम्पादनमा महत्वपूर्ण योगदान गर्नुहुने महासंघका महासचिव अर्जुन भट्टराईलाई हार्दिक धन्यवाद दिन चाहन्छु । यसै गरि विभिन्न तहमा साथ र सहयोग गर्ने महासंघका वरिष्ठ उपाध्यक्ष ध्रुव देव, उपाध्यक्षद्वय भीम शर्मा र भावना भट्ट, उपमहासचिवद्वय उमेश विश्वकर्मा र राजेन्द्र शर्मा र कोषाध्यक्ष नानीमाया थापा लगायत सम्पूर्ण पदाधिकारीप्रति पनि हार्दिक आभार प्रकट गर्दछु । यो महत्वपूर्ण कार्यमा विभिन्न तहमा साथ र सहयोग गर्ने कार्यकारी निर्देशक हुम भण्डारी, कार्यक्रम संयोजक किरण श्रेष्ठ र लेखा संयोजक जय बहादुर बुढाथोकी, वितरण सहयोगी सुरेन्द्र राउत र बाबुराम श्रेष्ठलाइ पनि धन्यवाद दिन चाहन्छु । यसैगरी यस कार्यमा प्रत्यक्ष र अप्रत्यक्ष रुपमा सहयोग गर्ने

नेपाल दिगो विकास विकास मञ्चका सदस्यहरु, सल्लाहकारज्यूहरु, सबै केन्द्रिय समितिका पदाधिकारीहरु, सदस्यहरु, कर्मचारी र संलग्न विज्ञहरु लगायत सबैप्रति हार्दिक धन्यवाद र आभार प्रकट गर्दछु ।

**राम प्रसाद सुवेदी**

अध्यक्ष

गैर सरकारी संस्था महासंघ, नेपाल

# विषयसूचि


| | |
|---|---|
| दिगो विकास लक्ष्य भनेको के हो ? | १ |
| दिगो विकास कार्यान्वयनका के कस्ता संयन्त्रहरु रहेका छन् ? | ४ |
| स्थानीय तहको कार्यक्षेत्र तथा दिगो विकास लक्ष्य | १० |
| दिगो विकास लक्ष्यको प्रगति अनुगमन समीक्षा (स्वैच्छिक राष्ट्रिय समीक्षा) भनेको के हो ? | १२ |
| स्वैच्छिक स्थानीय समीक्षा (Voluntary Local Review) भनेको के हो ? | १६ |
| स्वैच्छिक स्थानीय समीक्षा (भिएलआर) का चरणहरु | १९ |
| भिएलआरको प्रतिवेदनको ढाँचा | २३ |
| अनूसुची १ | २८ |
| स्रोत तथा सन्दर्भ सामग्री | ३० |

# दिगो विकास लक्ष्य भनेको के हो ?

दिगो विकास विश्वव्यापी रूपमा समृद्धिको सिर्जना (Generating Prosperity), वितरण (Sharing) र दिगोपना Sustaining), हासिल गर्नेसँग जोडिएको विश्वव्यापी कार्यसूची पनि हो । समग्र मानव विकासका निमित्त आर्थिक विकास र भौतिक पूर्वाधारको विकास पनि उत्तिकै महत्वपूर्ण हुन्छन् । तर यी क्षेत्रहरू मानव विकासका साध्य नभएर साधनहरू मात्र हुन् । दिगो विकास लक्ष्यले साध्यको प्राप्तिका लागि मात्र साधनको दक्ष र प्रभावकारी उपयोगमा जोड दिएको छ । यसैले दिगो विकास लक्ष्यमा जीविकोपार्जनका लागि रोजगारीको सिर्जना तथा रोजगारीमा सबै वर्गको पहुँचलाई समेत महत्व दिइएको छ ।

दिगो एवम् न्यायोचित विकासको दर्शनले पूर्वाधार निर्माणको वृद्धिलाई मात्रै विकास नभनी दिगो प्रगतिका लागि दिगो विकासका कार्यसूचीहरूको आवश्यकता महसुस गरेको छ । यी आवश्यकताहरू अन्तर्गत मुख्य रूपमा आर्थिक विकास, नवीन खोजी, रोजगारका अवसरहरू तथा जीविकोपार्जनहरू पर्दछन् । यसका अलावा दिगो विकासका लागि विभिन्न चुनौतीहरूको न्यूनीकरण गर्नु आवश्यक पर्दछ । यस्ता चुनौतीहरू अन्तर्गत वातावरण परिवर्तन, वन विनाश, मरुभूमीकरण, जमिनको क्षयीकरण तथा जैविक विविधताको हानि नोक्सानी जस्ता विषय पर्दछन् ।

विकासका यिनै परिदृश्यमा स्थानीय तहको कार्य जिम्मेवारीमा विकास निर्माणका कार्य र प्रभावकारी सेवा प्रवाहसमेत उत्तिकै महत्वपूर्ण छन् । संविधानले स्थानीय तहलाई भौतिक विकासका कार्यक्रम, कृषि प्रसार तथा ग्रामीण विकास, स्थानीय आर्थिक विकास, प्राथमिक तथा माध्यमिक शिक्षाको व्यवस्था, स्थानीय स्वास्थ्य सेवाको व्यवस्था, खानेपानी तथा ढल निकास, सरसफाइ, सामाजिक विकास, वातावरणीय व्यवस्थापन, सार्वजनिक सुरक्षा तथा समावेशी र उत्तरदायी सरकारको रूपमा स्थापित गरेको छ ।

सन् २०१५ मा संयुक्त राष्ट्रसंघका सबै सदस्य राष्ट्रबाट अनुमोदन भई सन् २०३० सम्ममा हासिल गर्ने गरी विश्वव्यापी रुपमा जारी गरिएको दिगो विकास लक्ष्यका कार्यसूची अन्तर्गत १७ वटा लक्ष्य, १६९ परिमाणात्मक गन्तव्य र २३२ वटा सूचक रहेका छन् । राष्ट्रिय योजना आयोगले नेपालको वस्तुगत यथार्थतालाई पनि समेट्ने गरी २४७ वटा सूचकहरू थप गरी ४७९ सूचकहरू निर्धारण गरेको छ । दिगो विकासलाई एक पृथक अवधारणाको रूपमा नलिई यसलाई राष्ट्रको आर्थिक तथा सामाजिक विकास र वातावरण संरक्षणको एकीकृत अवधारणाको रूपमा लिनुपर्ने हुन्छ । दिगो विकास लक्ष्यलाई सम्बन्धित देशको आवधिक तथा वार्षिक योजनामा समाहित गरी कार्यान्वयन गर्ने प्रतिबद्धता विश्वका अन्य राष्ट्रहरूका साथै नेपालले पनि व्यक्त गरेको छ ।

## दिगो विकास लक्ष्य

| लक्ष्य | |
|---|---|
| १ | सबै क्षेत्रबाट सबै प्रकारका गरिबीको अन्त्य गर्ने |
| २ | भोकमरीको अन्त्य गर्ने, खाद्य सुरक्षा तथा उन्नत पोषण सुनिश्चित गर्ने र दिगो कृषि प्रवर्द्धन गर्ने |
| ३ | सबै उमेर समूहका व्यक्तिका लागि स्वस्थ जीवन सुनिश्चित गर्दै समृद्ध जीवनस्तर प्रवर्द्धन गर्ने |
| ४ | समावेशी तथा समतामूलक गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने र सबैका लागि जीवनपर्यन्त सिकाइका अवसरहरू प्रवर्द्धन गर्ने |
| ५ | लैङ्गिक समानता हासिल गर्ने र सबै महिला, किशोरी र बालिकालाई सशक्त बनाउने |
| ६ | सबैका लागि स्वच्छ खानेपानी र सरसफाइको उपलब्धताका साथै यसको दिगो व्यवस्थापन सुनिश्चित गर्ने |
| ७ | किफायती, विश्वसनीय, दिगो र आधुनिक ऊर्जामा सबैका लागि पहुँच सुनिश्चित गर्ने |

| | |
|---|---|
| ८ | भरपर्दो, समावेशी र दिगो आर्थिक वृद्धि तथा सबैका लागि पूर्ण र उत्पादनशील रोजगारी र मर्यादित कामको प्रवर्द्धन गर्ने |
| ९ | उत्थानशील पूर्वाधारको निर्माण, समावेशी र दिगो औद्योगीकरणको प्रवर्द्धन र नवीन खोजलाई प्रोत्साहन गर्ने |
| १० | मुलुकभित्र तथा मुलुकहरूबीचको असमानता घटाउने |
| ११ | सहर तथा मानव बस्तीहरू समावेशी, सुरक्षित, उत्थानशील र दिगो बनाउने |
| १२ | दिगो उपभोग र उत्पादन प्रणाली सुनिश्चित गर्ने |
| १३ | जलवायु परिवर्तन र यसको प्रभाव नियन्त्रण गर्न तत्काल पहल थाल्ने |
| १४ | दिगो विकासका लागि महासागर, समुद्र र समुद्री साधन स्रोतहरूको संरक्षण र दिगो प्रयोग गर्ने |
| १५ | पारिस्थितिकीय प्रणालीको संरक्षण, पुनर्स्थापना र दिगो उपयोगको प्रवर्द्धन गर्ने, वनको दिगो व्यवस्थापन गर्ने, मरुभूमीकरण र भूक्षय रोक्ने तथा जैविक विविधताको संरक्षण गर्ने |
| १६ | दिगो विकासका लागि शान्तिपूर्ण र समावेशी समाजको प्रवर्द्धन गर्ने, सबैको न्यायमा पहुँच प्रदान गर्ने र सबै तहमा प्रभावकारी, जवाफदेही र समावेशी संस्था निर्माण गर्ने |
| १७ | दिगो विकासका लागि विश्वव्यापी साझेदारी सशक्त बनाउने र कार्यान्वयनका लागि स्रोत साधन सुदृढ गर्ने |

# दिगो विकास कार्यान्वयनका के कस्ता संयन्त्रहरु रहेका छन् ?

विकासका उद्देश्य हासिल गर्न सबैको संलग्नता आवश्यक हुन्छ। निजी क्षेत्र, सहकारी संस्था तथा सामुदायिक संस्था स्थानीय विकासका उद्देश्य हासिल गर्ने साझेदार हुन्। स्थानीय तहले सहकार्य तथा समन्वयका अतिरिक्त विकासका उद्देश्य हासिल गर्न सबैलाई समेट्नुपर्दछ र निजी क्षेत्र र सामुदायिक संगठन सबैलाई प्रमुख साझेदारका रूपमा संलग्न गराउनुपर्दछ। स्थानीय तहका सरकारको एकल प्रयासबाट मात्र विकास सम्भव नभई सहकारी र निजी क्षेत्र, गैरसरकारी संस्था, सामुदायिक संस्था लगायत सम्पूर्ण विकास साझेदारहरुबीचमा साझेदारी आवश्यक हुन्छ । स्थानीय तहले, स्थानीय लगानीका लागि स्थानीय बासिन्दा र व्यापारिक क्षेत्रलाई परिचालन गर्न उत्प्रेरकको भूमिका खेल्नुपर्दछ।

दिगो विकासका अधिकांश लक्ष्य हासिल गर्न स्थानीय तहले रकम नै खर्च गर्नुपर्छ भन्ने छैन । दिगो विकासका लक्ष्य नीति निर्देशन वा सार्वजनिक निजी व्यवस्थापन मार्फत पनि हासिल गर्न सकिन्छ। स्थानीय तहको योजना तथा निर्णय प्रक्रिया प्रायः लगानी वृद्धिमा केन्द्रित हुने गर्दछ। स्थानीय तहले आफ्नो नीति, योजना र बजेटबाट संघीय तथा प्रादेशिक स्रोत परिचालन गर्न अथवा निजी र सामुदायिक क्षेत्रको योगदान वृद्धि गर्ने अभ्यास अवलम्बन गरी आंशिक वा आर्थिक दायित्व सिर्जना नहुने गरी पनि कतिपय लक्ष्यमा काम गर्ने वातावरण सिर्जना गर्न सक्दछ।

## दिगो विकास एजेण्डा कार्यान्वयन गर्न सरकारको संस्थागत संरचना

दिगो विकास एजेण्डा कार्यान्वयनको लागि संघीय सरकारले राष्ट्रिय तहमा तीनवटा उच्चस्तरीय समितिहरु गठन गर्ने व्यवस्था गरेको छ। पहिलो, राष्ट्रिय निर्देशन समिति जसको अध्यक्षता प्रधानमन्त्रीज्यूले गर्नु हुन्छ। उक्त समितिमा राष्ट्रिय योजना आयोगका उपाध्यक्ष, अर्थ मन्त्री, परराष्ट्र मन्त्री, मुख्य सचिव र राष्ट्रिय योजना आयोगका सचिव रहने व्यवस्था गरेको छ।

दोश्रो समितिलाई कार्यान्वयन, समन्वय तथा अनुगमन समिति भनिएको छ । उक्त समितिको अध्यक्षता राष्ट्रिय योजना आयोगको उपाध्यक्षले गर्नुहुन्छ भने उक्त समितिमा, अर्थ व्यवस्था हेर्ने राष्ट्रिय योजना आयोगका सदस्य, अर्थ मन्त्रालयका सचिव, परराष्ट्र मन्त्रालयका सचिव, चेम्बर अफ कमर्श, उद्योग वाणिज्य महासंघ र नेपाल उद्योग परिसंघका अध्यक्षहरु रहने व्यवस्था गरेको छ । आर्थिक व्यवस्थापन विभागका सहसचिव यस समितिको सदस्य सचिव रहनु हुनेछ । उपरोक्त समितिहरुमा नागरिक समाज र अन्य सरोकारवालाहरुलाई आमन्त्रित सदस्यको रुपमा राख्न सकिने भनिएको छ ।

यसको अतिरिक्त सरकारले नौवटा विषयगत कार्यमूलक समितिहरु गठन गर्ने व्यवस्था मिलाएको छ । प्रत्येक कार्यमूलक समितिको संयोजकको रुपमा राष्ट्रिय योजना आयोगका सम्बन्धित सदस्य रहने व्यवस्था गरिएको छ । यी विषयगत समितिहरुमा सम्बन्धित मन्त्रालयहरु, निजी क्षेत्र नागरिक समाज र योजना आयोगका वरिष्ठ कर्मचारीहरु रहने व्यवस्था गरिएको छ ।

## नागरिक समाजको संयन्त्र : नेपाल दिगो विकास मञ्च

दिगो विकास एजेण्डा २०३० को कार्यान्वयनको सन्दर्भमा नेपालमा क्रियाशिल नागरिक संगठनहरुले स्थापना गरेको साझा संजाल हो नेपाल दिगो विकास मञ्च । गैसस महासंघ नेपालको पहलमा २५ फेब्रुअरी २०१६ मा काठमाण्डौमा आयोजना गरिएको नागरिक संगठनहरुको भेलाबाट यसको स्थापना भएको थियो । यसको पूरा नाम अंग्रेजीमा “CSOs Forum on Sustainable Development in Nepal" हो र संक्षेमा यसलाई “Nepal SDGs Forum" भनिएको छ । दिगो विकास प्रक्रियामा नागरिक संघ संस्थाहरुलाई प्रभावकारी, जवाफदेही र व्यवस्थित रुपले संलग्न गराउने यसको मूल उद्देश्य रहेको छ ।

दिगो विकास मञ्चका मुख्य कार्यहरु

- नागरिक संगठनहरु र अन्य सरोकारवालाहरुलाई दिगो विकास बारे सूचना आदानप्रदान गर्ने ।
- नागरिक संगठनहरुको भूमिका विस्तार र कार्यमूलक वातावरण सवलीकरणको लागि पैरवी गर्ने ।

- दिगो विकास एजेण्डाबारे स्थानीय, प्रदेश र राष्ट्रिय तहमा नागरिक संगठनहरुको सचेतना तथा क्षमता अभिवृद्धि गर्ने ।
- दिगो विकासका मुख्य सवालहरुमा नागरिक संगठनहरुलाई परिचालन गर्ने ।
- विकासको लागि नागरिक संगठनहरुको प्रभावकारिता र जवाफदेहिता सुधार गर्ने ।
- एजेण्डा २०३० कार्यान्वयनको लागि नागरिक संगठनहरुको सहभागिता प्रवर्द्धन गर्ने ।
- नागरिक संगठनहरुको तर्फबाट विभिन्न तहहरुमा सरकारी निकायसँग सम्बन्ध राख्ने र सरकारी प्रक्रियामा सहभागी बन्ने ।
- नीतिगत तथा संचालन सम्बन्धी सवालहरुमा सांसद, निजी क्षेत्र, संवैधानिक निकाय, अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरु र विकास साझेदारहरुसँग समन्वय गर्ने ।
- विभिन्न तहहरुमा अनुगमन, समीक्षा र पछ्याउने प्रक्रियाहरुमा सहभागी बन्ने र सरकारलाई जवाफदेही बनाउने ।
- क्षेत्रीय, उपक्षेत्रीय र विश्वस्तरका नागरिक मञ्च, संजाल तथा अभियानहरुमा संग्लग्न हुने ।
- नागरिक संगठनहरुका योगदानहरुको समीक्षा गर्ने ।
- अध्ययन, अनुसन्धान, अभिलेख तथा प्रकाशनका कार्यहरु मार्फत ज्ञान व्यवस्थापन गर्ने ।

दिगो विकास मञ्च एक खुला मञ्च र खुकुलो संजालको रुपमा रहेको छ । तसर्थ, दिगो विकासमा योगदान दिन चाहने कुनै पनि संस्था, संजाल, प्राज्ञ, प्राविधिक, विशेषज्ञ र व्यक्ति यस मञ्चमा संलग्न हुन सक्दछन् । दिगो विकास मञ्च अन्तरगत गरिने कार्यहरुको संयोजन, समन्वय र सहजीकरण गैसस महासंघ नेपालले गर्दै आएको छ । तर, समन्वय कार्यलाई व्यवस्थित र प्रभावकारी बनाउने राष्ट्रिय स्तरका नागरिक संजालहरु, महासंघ तथा गठबन्धनहबीच समन्वय बैठक आयोजना गर्ने गरिएको छ । नागरिक संगठनहरुको भेला वा सम्मेलनहरुले यसलाई दिशा निर्देशन गर्ने गरिएको छ भने गैसस महासंघ नेपालले यस मञ्चको सचिवालयको रुपमा काम गर्दै आएको छ ।

## गाउँपालिका र नगरपालिकाको अधिकार तथा दिगो विकास लक्ष्य बीचको सम्बन्ध

| क्र.सं. | दिगो विकास लक्ष्यका आयाम | स्थानीय तहको संवैधानिक अधिकार तथा कार्यदिशा (अनुसूची -८) | अधिकारको साझा सूची (अनुसूची -९) | दिगो विकास लक्ष्य |
|---|---|---|---|---|
| १. | आर्थिक विकास | २. सहकारी<br>१०. स्थानीय बजार व्यवस्थापन<br>११. ग्रामीण सडक, कृषि सडक, सिंचाई<br>१५.कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन,<br>१८. कृषि प्रसारको व्यवस्थापन, सञ्चालन र नियन्त्रण | १. सहकारी<br>४. कृषि<br>१०. गरिबी निवारण<br>१३. सुकुम्बासी व्यवस्थापन | लक्ष्य १: गरीबीको अन्त्य<br>लक्ष्य २: शून्य भोकमरी<br>लक्ष्य ८: मर्यादित काम तथा आर्थिक बृद्धि<br>लक्ष्य १०: असमानतामा कमी |

| | | | | |
|---|---|---|---|---|
| २. | सामाजिक विकास | ८. आधारभूत र माध्यमिक शिक्षा<br>९. आधारभूत स्वास्थ्य, सरसफाइ (ढल निकास) व्यवस्था<br>१६.ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र अशक्तहरूको व्यवस्थापन<br>१७ बेरोजगारको तथ्याङ्क संकलन<br>१९.खानेपानी<br>२२.भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकास | २. शिक्षा<br>३. स्वास्थ्य<br>५. खानेपानी<br>१०. सामाजिक सुरक्षा | लक्ष्य ३ः राम्रो स्वास्थ्य तथा स्वस्थ जीवन,<br>लक्ष्य ४ः गुणस्तरीय शिक्षा,<br>लक्ष्य ५ः लैङ्गिक समानता,<br>लक्ष्य ६ः स्वच्छ खानेपानी तथा<br>सरसफाइ |
| ३. | पूर्वाधार विकास | ७. स्थानीयस्तरका विकास आयोजना तथा परियोजनाहरू,<br>११. स्थानीय सडक,<br>१४. घर जग्गा धनीपूर्जा वितरण,<br>१९. साना जलविद्युत् आयोजना, वैकल्पिक ऊर्जा, | ५. विद्युत, सिँचाइ<br>१५. सवारी साधन अनुमति | लक्ष्य ७ः धान्न सक्ने तथा स्वच्छ ऊर्जा,<br>लक्ष्य ९ः उद्योग, नवीन खोज तथा पूर्वाधार,<br>लक्ष्य ११ः दिगो सहर तथा समुदाय, |

| | | | | |
|---|---|---|---|---|
| ४. | वातावरण व्यवस्थापन | ९. सरसफाइ (फोहरमैला व्यवस्थापन)<br>१०. वातावरण संरक्षण र जैविक विविधता<br>२०. विपद् व्यवस्थापन<br>२१. जलाधार, सिमसार, वन्यजन्तु, खानी तथा खनिज पदार्थको संरक्षण | ७. वन, जंगल, वन्यजन्तु, चराचुरूंगी, जलउपयोग, वातावरण, पर्यावरण तथा जैविक विविधता<br>८. खानी तथा खनिज<br>९.विपद् व्यवस्थापन | लक्ष्य १२ः दिगो उपभोग तथा उत्पादन<br>लक्ष्य १३ः जलवायु कार्य<br>लक्ष्य १५ः जमिन माथिको जीवन |
| ५. | संस्थागत विकास तथा सुशासन | १. नगर प्रहरी<br>३. एफ.एम (रेडियो) सञ्चालन<br>४. स्थानीय कर, सेवाशुल्क दस्तुर, पर्यटन शुल्क, दण्ड जरिवाना<br>५. स्थानीय सेवाको व्यवस्थापन<br>६. स्थानीय तथ्यांक र अभिलेख संकलन<br>१२.गाउँ सभा, नगर सभा, जिल्ला सभा, स्थानीय अदालत, मेलमिलाप र मध्यस्थताको व्यवस्थापन<br>१३. स्थानीय अभिलेख व्यवस्थापन | २. पत्रपत्रिका<br>६. कर, दस्तुर, दण्ड जरिवाना, रोयल्टी, सेवा शुल्क<br>११. व्यक्तिगत घटना, जन्म, मृत्यु, विवाह दर्ता र तथ्याङ्क<br>१२. पुरातत्व, प्राचीन स्मारक र संग्रहालय | लक्ष्य १६ः शान्ति, न्यायपूर्ण तथा सबल संस्था<br>लक्ष्य १७ः बहुसरोकार साझेदारी |

# स्थानीय तहको कार्यक्षेत्र तथा दिगो विकास लक्ष्य

नेपालको संविधान तथा कानूनहरूले स्थानीय तहमा प्रदान गरेको अधिकार र दिगो विकास लक्ष्यबीच बलियो सम्बन्ध रहेको पाइन्छ । स्थानीय स्तरमा महत्वपूर्ण सार्वजनिक सेवाहरूको प्रवाह र त्यसको निमित्त लगानी गर्ने कार्य स्थानीय तहको जिम्मेवारीमा पर्दछ। यी स्थानीय जिम्मेवारीहरूमा आधारभूत तथा माध्यमिक शिक्षा, प्राथमिक स्वास्थ्य सेवा, खानेपानी तथा सरसफाइ, कृषि, आधारभूत पूर्वाधार तथा सामाजिक समावेशीकरण एवम् संरक्षण प्रमुख रहेका छन् ।

दिगो विकासका स्थानीयस्तरका लक्ष्यलाई स्थानीय तहको योजना तर्जुमाका विभिन्न विषयगत समिति अनुरुप समूहकृत गर्नुपर्ने हुन्छ । स्थानीय तहमा रहेका आर्थिक, सामाजिक, पूर्वाधार, वातावरण संरक्षण एवम् संस्थागत विकास र सुशासन समितिहरूका क्रियाशीलताले दिगो विकास लक्ष्यको स्थानीयकरण गर्न योगदान पुऱ्याउँछ। नेपालको संविधान २०७२ ले स्थानीय तहलाई विकासका यी पाँचै क्षेत्रमा प्रष्ट अधिकार तथा जिम्मेवारी प्रदान गरेको छ।

स्थानीय तह विकास र राजनीतिक एकाईका अलावा एक सशक्त आर्थिक एकाई समेत हुन् । संविधानले गाँउपालिका र नगरपालिकालाई स्थानीय बजारको व्यवस्थापन, कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन, सहकारी जस्ता स्थानीय आर्थिक विकासको जिम्मेवारी प्रदान गरेको छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले लघु, घरेलु तथा साना उद्योगको दर्ता तथा नियमनसम्बन्धी र स्थानीय संघ संस्था दर्ता, नियमन र परिचालनको जिम्मेवारी प्रदान गरेको छ। यी विषय दिगो विकास लक्ष्य-१ (शून्य गरिबी), लक्ष्य-२ (भोकमरीको अन्त्य), लक्ष्य-८ (मर्यादित काम तथा आर्थिक बृद्धि) र लक्ष्य-१० (असमानताको न्यूनीकरण) सँग जोडिएका छन् ।

सामाजिक विकासको क्षेत्रमा स्थानीय तहको क्षेत्राधिकारभित्र चार वटा प्रमुख क्षेत्र पर्दछन् । यसमा आधारभूत तथा माध्यमिक शिक्षा, आधारभूत स्वास्थ्य सेवा, खानेपानी तथा सरसफाई, लैंगिक समानता तथा सामाजिक समावेशिता जस्ता पक्षहरू रहेका छन् । सामाजिक विकाससँग दिगो विकास लक्ष्यका चार वटा लक्ष्य, लक्ष्य-३

(स्वस्थ जीवन), लक्ष्य ४ (गुणस्तरीय शिक्षा), लक्ष्य-५ (लैंगिक समानता) र लक्ष्य-६ (स्वच्छ खानेपानी तथा सरसफाइ) सम्बन्धित छ।

नेपालको विकासमा भौतिक पूर्वाधार जस्तै स्थानीय सडक, यातायात, विद्युत, शहरी विकास र बस्ती विकास एक महत्वपूर्ण क्षेत्रको रूपमा रहेको छ। सो अनुसार पूर्वाधार विकासतर्फ दिगो विकास लक्ष्य-९ (उद्योग, नवीनता एवम् पूर्वाधार), लक्ष्य ११ (दिगो शहर तथा समुदाय) र लक्ष्य ७ (धान्न सक्ने र सफा ऊर्जा) पर्दछन्।

दिगो विकासको चौथो आयाममा वातावरणीय दिगोपना पर्दछ। नेपालको सन्दर्भमा यसलाई वातावरण संरक्षण, जलवायु परिवर्तन, अनुकुलन र प्राकृतिक प्रकोप व्यवस्थापनको आयामको रूपमा हेरिनुपर्दछ। तथापी स्थानीय तहको वातावरणीय दिगोपना व्यवस्थापन सम्बन्धी खास भूमिका स्थानीय परिवेशमा भर पर्दछ। स्थानीय तहको कार्यक्षेत्रभित्र वातावरण संरक्षण तथा जैविक विविधता संरक्षण, जलाधार व्यवस्थापन, सिमसार, वन्यजन्तु, खानी तथा खनिज पदार्थ, फोहरमैला व्यवस्थापन साथै बिपद् व्यवस्थापन विषय रहेका छन्। यी कार्यक्षेत्रको प्रभावकारी व्यवस्थापनका लागि स्थानीय तहले संघ र प्रदेशसँग सहकार्य र समन्वय गर्न जरुरी हुन्छ। वातावरणीय दिगोपनाको सन्दर्भमा दिगो विकास लक्ष्य-१२ (दिगो उत्पादन तथा उपभोग तथा उत्पादनप्रति जवाफदेहिता), लक्ष्य-१३ (जलवायु सम्बन्धी कार्य), लक्ष्य-१४ (समुद्रमुनिको जीवन) र लक्ष्य-१५ (जमिनमाथिको जीवन) जोडिएका छन्।

दिगो विकास लक्ष्यले संस्थागत विकास र सुशासनलाई समेत विशेषः महत्व दिएको छ। दिगो विकास कार्यसूचीमा संस्थागत विकास तथा सुशासन सम्बन्धी विषयसमेत समावेश भएका छन् जुन विषय दिगो विकास लक्ष्य १६ (शान्ति, न्याय, र सबल संस्था) र लक्ष्य १७ (विश्वव्यापी साझेदारी) सँग प्रत्यक्ष जोडिएका विषय हुन्।

# दिगो विकास लक्ष्यको प्रगति अनुगमन समीक्षा (स्वैच्छिक राष्ट्रिय समीक्षा) भनेको के हो ?

विकासमा भैरहेको प्रगतिको लेखाजोखा अनुगमन र समीक्षाको विषय सम्बन्धित देशको आफ्नो अवस्था, क्षमता र विकासको स्तरलाई ध्यानमा राख्दै सम्बन्धित देशले आफ्नो इच्छा अनुसार चाहेको समयमा गरिने विषय हो। विश्वस्तरीय समीक्षा प्राथमिक रुपमा राष्ट्रिय तथ्यांक श्रोतमा नै आधारित हुन्छन्। तसर्थ, समीक्षाको लागि गरिने राष्ट्रिय प्रयासहरु नै क्षेत्रीय तथा विश्वस्तरमा गरिने समीक्षाको आधार हुन्। दिगो विकास एजेण्डाले देश स्वयंले नेतृत्व गर्ने गरी नियमित र समावेशी रुपमा राष्ट्रिय तथा त्यस भन्दा तल्लो तहहरुमा समेत प्रगति समीक्षा गर्न प्रोत्साहन गर्छ। साथै देशको परिवेश अनुसार निजी क्षेत्र, आदिवासी जनजाती, नागरिक समाज र संसद समेतको योगदानको अपेक्षा गरेको छ। त्यसैगरी क्षेत्रीय तथा उपक्षेत्रीय तहमा पनि समीक्षा गर्न सकिने व्यवस्था गरेको छ। विश्वस्तरमा स्वइच्छा बमोजिम राष्ट्रिय समीक्षा संयुक्त राष्ट्र संघ अन्तरगत उच्चस्तरीय राजनैतिक मञ्चमा गरिने व्यवस्था गरिएको छ। यसको बैठक वार्षिक रुपमा हुन्छ। यस मञ्चले सफलता, चुनौती, सिकाइहरु सहितका अनुभवहरु आदनप्रदान गर्न सजिलो बनाउँदछ भने त्यस पछाडि गरिनु पर्ने कामहरुको लागि राजनैतिक नेतृत्व प्रदान गर्दछ र आवश्यक सहयोग गर्दछ।

नेपालले दिगो विकास लक्ष्य कार्यान्वयनको प्रतिवद्धता जनाएपछि सन् २०१७ मा पहिलो र २०२१ मा दोस्रो पटक स्वैच्छिक राष्ट्रिय समीक्षामा भाग लिएको अवस्था छ। यसका अतिरिक्त नेपालको तेस्रो चक्रको विश्वव्यापी आवधिक समीक्षाका क्रममा र नेपाल पक्षराष्ट्र भएका सन्धिहरुको सन्धिजनित निकायमा पेश गरिने प्रतिवेदनको छलफलका क्रममा समेत मानव अधिकारसँग जोडेर दिगो विकास लक्ष्यहरुको कार्यान्वयन अवस्थाको समीक्षा हुने गरेको छ। दिगो विकासको एजेण्डा २०३० को अनुच्छेद ७४ ले पक्ष राष्ट्रका सरकारका सबै तहमा हुने स्वैच्छिक राष्ट्रिय समीक्षाका सिद्धान्तको पहिचान गरेको छ। स्वैच्छिक राष्ट्रिय समीक्षाको तयारीका क्रममा यी सिद्धान्तहरुलाई आत्मसात गर्नु उपयुक्त हुन्छ।

क) स्वैच्छिक राष्ट्रिय समीक्षाको प्रक्रिया स्वैच्छिक तथा सम्बन्धित देशले नै नेतृत्व गरेको हुनुपर्छ । राष्ट्रको वास्तविकता, क्षमता तथा विकासको तह, नीति तथा प्राथमिकतालाई ध्यान दिनुपर्दछ । दिगो विकास लक्ष्य प्राप्तिको महत्वपूर्ण कुरा भनेको नै राष्ट्रिय स्वामित्व हो, त्यसैले राष्ट्रिय प्रक्रिया नै क्षेत्रीय तथा विश्वव्यापी समीक्षाको आधार हो । तसर्थ राष्ट्रिय आधिकारिक तथ्याङ्क नै समीक्षाको प्राथमिक आधार हो ।

ख) विश्वव्यापी लक्ष्य तथा सहायक लक्ष्यहरुको कार्यान्वयनको प्रगति र कार्यान्वयनको माध्यमलाई सबै लक्ष्यहरुको विश्वव्यापकता तथा अन्तरसम्बन्धलाई सम्मान गर्दै तथा दिगो विकासका तिन आयामहरुको प्रगतिलाई हेरी समीक्षा गरिन्छ ।

ग) समीक्षामा प्रगति र चुनौतीहरुको पहिचान गर्दै सफलताका तत्वहरुको समालोचना गरी तथ्य र ज्ञानका आधारमा नीति छनौट गर्न सहयोग गर्ने गरिन्छ । जसका कारण कार्यान्वयनका लागि सहयोग तथा साझेदारी, समाधानका उपायहरु तथा असल अभ्यासको पहिचान गर्न सहायता, समन्वय तथा अन्तराष्ट्रिय विकास प्रणालीको प्रवर्द्धनमा सहयोग पुग्दछ ।

घ) यो प्रक्रिया खुला, समावेशी, सहभागितामूलक र सबैका लागि पारदर्शी तथा सबै सम्वद्ध सरोकारवालाहरुको प्रतिवेदनलाई स्थान दिन सहयोग पुग्ने खालको हुन्छ ।

ङ) यो प्रक्रिया मानव केन्द्रित, लैङ्गिक संवेदनशिल, मानव अधिकारको सम्मान गर्दै विशेषगरी अति विपन्न, अति सङ्कटासन्न र पछाडि पारिएको वर्ग केन्द्रित हुन्छ ।

## दिगो विकासको स्थानीयकरण

### स्थानीय तहमा दिगो विकास लक्ष्यको आन्तरिकीकरण

तीनै तहका सरकारहरूलाई संविधान र कानूनद्वारा कार्यजिम्मेवारी निर्धारण गरिएको छ । त्यसैले सन् २०३० को कार्यसूची राष्ट्रिय तहमा मात्र सरोकार राख्ने विषय होइन । सेवा प्रवाह, सुशासन र स्थानीय पूर्वाधार विकास लगायतका कार्यहरू स्थानीय तहको कार्यक्षेत्र अन्तर्गत पर्दछन् । प्रदेश र स्थानीय तहको समेत तत्परताबाट नै दिगो विकास लक्ष्य हासिल हुन सक्दछन् । त्यसैले दिगो विकास लक्ष्यहरूलाई स्थानीयकरण गर्नुपर्ने कारणहरू निम्न छन् ।

(क) **सार्वजनिक सेवाको महत्वपूर्ण जिम्मेवारी स्थानीय तहमा हस्तान्तरण** : नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य कानूनले सार्वजनिक सेवाका महत्वपूर्ण जिम्मेवारीहरू स्थानीय तहलाई प्रदान गरेको छ । यस्ता सेवाहरूमा आधारभूत तथा माध्यमिक शिक्षा, प्राथमिक स्वास्थ्य उपचार, खानेपानीको आपूर्ति र सरसफाइ तथा सामाजिक सेवा जस्ता सेवाहरू पर्दछन् । नागरिक सेवाका यी जिम्मेवारी दिगो विकास लक्ष्यका सूचकसँग सम्बन्धित रहेका छन् ।

(ख) **स्रोत साधनको विकेन्द्रीकरण** : स्थानीय तहलाई संविधान प्रदत्त जिम्मेवारीको सम्पादनका लागि राजस्व संकलनको अधिकार प्राप्त छ । यसका साथै वित्तीय हस्तान्तरणका माध्यमबाट संघ र प्रदेशबाट समेत स्थानीय तहले वित्तीय स्रोत प्राप्त गर्दछन् । आन्तरिक स्रोतका साथै वित्तीय हस्तान्तरण तथा अन्य स्रोतबाट प्राप्त वित्तीय स्रोत परिचालन गर्ने अधिकार स्थानीय तहलाई छ । यसले स्थानीय तहहरूलाई आफ्नो कार्यक्षेत्रका दिगो विकास लक्ष्य सम्बद्ध कार्यक्रम कार्यान्वयन गर्न आवश्यक आर्थिक स्रोत उपलब्ध भएका छन् । संविधानप्रदत्त राजस्व तथा अन्य स्रोतको परिचालनको अधिकारले स्थानीयस्तरमा दिगो विकास लक्ष्य हासिल गर्नको लागि लगानी वृद्धि गर्न सहयोग पुग्दछ ।

(ग) **दिगो विकास लक्ष्यलाई स्थानीय परिवेश अनुसार प्राथमिकीकरण** : विकासका उपलब्धिहरूको भौगोलिक रूपमा असमान वितरणको अवस्थालाई दृष्टिगत गर्दा स्थानीय तहले आ-आफ्नो परिवेश अनुसार दिगो विकास लक्ष्यको प्राथमिकीकरण गर्दै स्थानीयकरण गर्नु उपयुक्त हुन्छ ।

(घ) **स्थानीय खर्चको गुणस्तर र उत्पादकत्व वृद्धि** : स्थानीय तहमा साना तथा कम प्रतिफल प्राप्त हुने योजनामा समेत ठूलो स्रोतको विनियोजन हुने गरेको छ । यसबाट सार्वजनिक खर्चको उत्पादकत्व अपेक्षित रूपमा प्राप्त हुन सकेको छैन । दिगो विकास लक्ष्यको स्थानीयकरणले स्थानीय स्रोतलाई विकासका प्राथमिकतामा खर्च गर्न अभिप्रेरित गरी स्थानीय खर्चको गुणस्तर र उत्पादकत्व बढाउँदै स्थानीय विकासको प्रयासलाई व्यवस्थित गर्न समेत सहयोग पुग्नेछ ।

दिगो विकास लक्ष्यहरू हासिल गर्न स्थानीय तहले सार्वजनिक व्यवस्थापन प्रक्रियाका प्रत्येक चरणमा नतिजामा आधारित योजना तर्जुमा, बजेट व्यवस्था तथा कार्यान्वयनका गतिविधिहरू सञ्चालन गर्नुपर्दछ, जसमा देहायका कुराहरूमा ध्यान दिन आवश्यक हुन्छ ।

(क) स्थानीय तहले दिगो विकास लक्ष्य हासिल गर्न नतिजामूलक योजना तर्जुमा गर्नु पर्दछ ।

(ख) स्थानीय तहले स्थानीय आवधिक योजनासँग तालमेल हुने गरी विस्तृत र नतिजामूलक वार्षिक योजना तथा बजेट तयार गर्नुपर्दछ ।

(ग) वार्षिक बजेटमा समावेश गरेको चालु खर्चसमेत नतिजामा आधारित हुने गरी तयार पार्नुपर्दछ । सबै विषयगत क्षेत्रको चालु खर्चको समेत यथासम्भव सेवा प्रवाह तहसम्म खण्डीकृत बजेट तयार पार्नुपर्दछ ।

(घ) वार्षिक योजना तयार गर्दा मध्यमकालीन खर्च संरचनासँग तालमेल हुने गरी तयार गर्नुपर्दछ ।

(ङ) अनुगमन तथा मूल्याङ्कन लगायत योजना प्रक्रियाको हरेक चरणमा समावेशी, उत्तरदायी, पारदर्शी, जवाफदेही स्थानीय व्यवस्थापनको सुनिश्चितता गर्नुपर्दछ । यी विषय स्थानीय समुदायले विकासका आकांक्षाहरू दिगो रूपमा हासिल गर्ने एउटा अभिन्न अंग हुन् ।

(च) स्थानीय तहले सहकारिता, सहभागिता र साझेदारी अनुरूप प्रादेशिक तथा संघीय तह लगायत निजी क्षेत्र तथा समुदायसँग सहकार्य गर्दै स्थानीय तहमा दिगो विकास लक्ष्य हासिल गर्ने अवस्थाको सुनिश्चितता गर्नु पर्दछ ।

# स्वैच्छिक स्थानीय समीक्षा (Voluntary Local Review) भनेको के हो ?

विकासमा भैरहेको प्रगतिको लेखाजोखा, अनुगमन र समीक्षाको विषय सम्बन्धित स्थानीय तहले आफ्नो अवस्था, क्षमता र विकासको स्तरलाई ध्यानमा राख्दै आफ्नो इच्छा अनुसार चाहेको समयमा गरिने विषय हो । विश्वस्तरीय समीक्षा प्राथमिक रुपमा राष्ट्रिय तथ्यांक श्रोतमा नै आधारित हुन्छन् । तसर्थ, समीक्षाको लागि गरिने राष्ट्रिय प्रयासहरु नै स्थानीय तहमा गरिने समीक्षाको आधारमा गरिने हुन्छ । दिगो विकास एजेण्डाले देश स्वयंले नेतृत्व गर्ने गरी नियमित र समावेशी रुपमा राष्ट्रिय तथा त्यस भन्दा तल्लो तहहरुमा समेत प्रगति समीक्षा गर्न प्रोत्साहन गर्छ । साथै देशको परिवेश अनुसार निजी क्षेत्र, आदिवासी जनजाती, नागरिक समाज र संसद समेतको योगदानको अपेक्षा गरेको छ। त्यसैगरी क्षेत्रीय तथा उपक्षेत्रीय तहमा पनि समीक्षा गर्न सकिने व्यवस्था गरेको छ। विश्वस्तरमा स्वेच्छा बमोजिम राष्ट्रिय समीक्षा संयुक्त राष्ट्र संघ अन्तरगत उच्चस्तरीय राजनैतिक मञ्चमा गरिने व्यवस्था गरिएको छ । यसको बैठक वार्षिक रुपमा हुन्छ। यस मञ्चले सफलताहरु, चुनौतीहरु, सिकाइहरु सहितका अनुभवहरु आदनप्रदान गर्न सजिलो बनाउँदछ भने त्यस पछाडि गरिनु पर्ने कामहरुको लागि राजनैतिक प्रतिबद्धता प्रदान गर्दछ र आवश्यक सहयोग गर्दछ।

स्थानीय तहमा गरिने समीक्षा पश्चात् मात्र राष्ट्रिय तहमा कार्यान्वयनको वास्तविक अवस्था पहिचान गर्न सकिने हुन्छ । नेपालमा हाल ७५३ स्थानीय तहहरु रहेका छन्। यी सबै स्थानीय तहमा दिगो विकास लक्ष्यहरुको कार्यान्वयन भएमा मात्र समग्र देशको कार्यान्वयन अवस्था सवल हुने हुनाले पनि स्थानीय, प्रादेशिक तह हुँदै राष्ट्रिय तहमा परिणाम राम्रो देखिने हुन्छ। तसर्थ स्थानीय स्तरमा कार्यान्वयनको अवस्थाको समीक्षा हुनु जरुरी हुन्छ।

क) स्वैच्छिक राष्ट्रिय समीक्षाको प्रक्रिया स्वैच्छिक तथा सम्बन्धित देशले नै नेतृत्व गरेको हुनुपर्छ । राष्ट्रको वास्तविकता, क्षमता तथा विकासको तह, नीति तथा

प्राथमिकतालाई ध्यान दिनुपर्दछ । दिगो विकास लक्ष्य प्राप्तिको महत्वपूर्ण कुरा भनेको नै राष्ट्रिय स्वामित्व हो । त्यसैले राष्ट्रिय प्रक्रिया नै क्षेत्रीय तथा विश्वव्यापी समीक्षाको आधार हो । तसर्थ राष्ट्रिय आधिकारिक तथ्याङ्क नै समीक्षाको प्राथमिक आधार हो ।

ख) विश्वव्यापी लक्ष्य तथा सहायक लक्ष्यहरुको कार्यान्वयनको प्रगति र कार्यान्वयनको माध्यमलाई सबै देशको विश्वव्यापकता तथा अन्तरसम्बन्धलाई सम्मान गर्दै तथा दिगो विकासका तीन आयामहरुको प्रगतिलाई हेरी समीक्षा गरिन्छ ।

ग) समीक्षामा प्रगति, चुनौती, अन्तरहरुको पहिचान गर्दै सफलताका तत्वहरुको समालोचना गरी सूसुचित नीतिगत छनौट गर्न सहयोग गर्ने गरिन्छ । जसका कारण कार्यान्वयनका लागि आवस्यक माध्यममा सहयोग तथा साझेदारी, समाधानका उपायहरु तथा असल अभ्यासको पहिचानमा सहायता, समन्वय तथा अन्तराष्ट्रिय विकास प्रणालीको प्रवर्धनमा सहयोग गर्ने गर्दछन् ।

घ) यो प्रक्रिया खुला, समावेशी, सहभागितात्मक र सबैका लागि पारदर्शी तथा सबै संवद्ध सरोकारवालाहरुको रिपोटिङ्गा लागि सहयोग पुग्ने खालको हुन्छ ।

ङ) यो प्रक्रिया मानव केन्द्रित, लैङ्गिक संवेदनशिल, मानव अधिकारको सम्मान गर्दै विशेषगरी अति विपन्न, अति सङ्कटापन्न र पछाडि पारिएको वर्ग केन्द्रित हुन्छ ।

च) संक्षेपमा भिएलआर भन्नाले स्थानीय तहले दिगो विकास लक्ष्यहरु स्थानीयकरण गर्नका लागि लिएको नीतिहरु, योजना, कार्यक्रम, बजेट कार्यन्यवनको प्रगती समीक्षा गरि प्रतिवेदन तयार गर्ने विधिलाई नै स्वच्छिक स्थिानीय समीक्षा - (Volunteer Local Review) छोटकरीमा VLR भनिन्छ ।

**भिएलआर प्रक्रियामा नागरिक संघसंस्थाहरुको भूमिका**

- राष्ट्रिय/ स्थानीय सरकारलाई सुझाव दिन सक्ने,
- चेतना फैलाउने तथा छलफल र सहभागिताको प्रवर्द्धन गर्ने,
- कार्यान्वयनका लागि साझेदारीको विकास तथा दिगो बनाउने कार्य गर्ने,
- राष्ट्रिय सूचकहरूको तय गर्ने,

- प्रगतिको अनुगमन तथा प्रतिवेदन पेश गर्ने,
- सरकारलाई जवाफदेही बनाउने,
- मानव अधिकारको उल्लङ्घनमा अनुसन्धान गर्ने,
- न्यायमा पँहुचको सुनिश्चितता गर्ने,

यो भूमिका विशेषगरी २०३० एजेण्डाको सन्दर्भमा किन पनि महत्वपूर्ण छ भने यसको प्रभावकारी र समतामूलक कार्यान्वयनका लागि विभिन्न पक्ष वा क्षेत्रको सहकार्य अनिवार्य रूपमा आवश्यक हुन्छ । पारदर्शी, सहभागितामूलक तथा समावेशी राष्ट्रिय कार्यान्वयन प्रक्रियाको प्रवर्द्धनका साथै विभिन्न क्षेत्रका बिचको अनुगमनका लागि राष्ट्रिय मानव अधिकार आयोगरुरूको तल उल्लेख गरिएबमोजिम महत्वपूर्ण स्थान रहेको छ :

- २०३० एजेण्डाको कार्यान्वयन तथा पुनरावलोकनका लागि मानव अधिकार मुखी पद्धतिको प्रवर्द्धनका साधन, मार्गदर्शन तथा ज्ञानको विकास गर्ने,
- राष्ट्रिय सूचकहरूको निर्धारण तथा यथार्थ तथ्याङ्क सङ्कलन प्रणालीको विकासमा सहयोग, जस अन्तर्गत अन्तर्राष्ट्रिय तथा क्षेत्रीय मानव अधिकारको प्रतिवेदन तथा अनुगमन संयन्त्रहरूको निर्माण गर्ने,
- स्थानीय, राष्ट्रिय, क्षेत्रीय तथा अन्तर्राष्ट्रिय तहमा भएको प्रगतिको अनुगमन गर्ने र असमानता र विभेदको तह (तथ्याङ्क सङ्कलनको नवीनतम तथा सहभागितामूलक उपागमहरूको माध्यमबाट समेत) लाई प्रकाशमा ल्याउने,
- दिगो विकास लक्ष्यहरूको प्राप्तिका लागि राष्ट्रिय रणनीतिको विकासका लागि गरिने सहभागिता तथा परामर्श बैठकमा पारदर्शी तथा समावेशी प्रक्रियाको प्रवर्द्धन गर्ने, जसमा अति सीमान्तकृत समुदायको समेत पहुँचको व्यवस्था मिलाउने,
- राष्ट्रिय मानव अधिकार आयोगले अन्तर्राष्ट्रिय मानव अधिकारका मान्यताहरू तथा मानकहरू र आफ्नो राष्ट्रले अन्तर्राष्ट्रिय तहमा गरेको प्रतिवद्धताका साथै राष्ट्रिय तथा स्थानीय तहमा भएको कार्यान्वयनको अनुगमन गर्ने कार्यमा महत्वपूर्ण भूमिका खेल्न सक्छ ।

# स्वैच्छिक स्थानीय समीक्षा (भिएलआर) का चरणहरु

**१. भिएलआर प्रतिवेदन समिति गठन तथा अनुमोदन (५ देखि ९ सदस्यीय समिति गठन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले आफ्नो कार्यालयबाट सम्पादन भएका विकास आयोजना तथा परियोजनाको अनुगमन मूल्याङ्कन गर्नुपर्ने व्यवस्था गरेको छ। ऐनको दफा १६(४-ख) ले उपाध्यक्ष वा उपप्रमुखलाई योजना तथा कार्यक्रमको अनुगमन तथा सुपरिवेक्षण गरी बैठकमा प्रतिवेदन पेश गर्ने कार्य जिम्मेवारी तोकेको छ।

संविधानको धारा २२० ले जिल्लाभित्रका गाउँपालिका र नगरपालिकाबीच समन्वय गर्न एवम् विकास निर्माणसम्बन्धी कार्यमा सन्तुलन कायम गर्न अनुगमनको जिम्मेवारी जिल्ला समन्वय समितिलाई प्रदान गरेको छ। यसैगरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले गाउँपालिका र नगरपालिकाको क्षमता विकासमा समेत जिल्ला समन्वय समितिलाई जिम्मेवारी दिएको छ। यसका अलावा गाउँपालिका राष्ट्रिय महासंघ, नेपाल नगरपालिका संघ र जिल्ला समन्वय समिति महासंघ समेत स्थानीय तहको क्षमता विकास, राम्रा सिकाइ र अनुभव आदानप्रदानमा संलग्न रहेका छन्।

यसैगरी स्थानीय तहको योजना तर्जुमा दिग्दर्शनको अनुगमन तथा मूल्याङ्कन सम्बन्धी व्यवस्था अनुसार स्थानीय तहबाट सञ्चालित योजनाको लागत, परिणाम, समयसीमा र गुणस्तरीयताको आधारमा अनुगमन गरी आवश्यक पृष्ठपोषण दिन उपाध्यक्ष वा उपप्रमुखको नेतृत्वमा ५ सदस्यीय अनुगमन तथा सुपरिवेक्षण समितिको प्रावधान राखेको छ। सो दिग्दर्शनले वडाभित्र सञ्चालित योजनाको अनुगमन गरी आवश्यक पृष्ठपोषण दिन वडा अध्यक्षको संयोजकत्वमा वडास्तरीय अनुगमन समिति रहने व्यवस्था समेत गरेको छ। दिग्दर्शनमा कार्य प्रकृतिअनुसार नियमित, मासिक, चौमासिक र आवधिक रूपमा अनुगमनको प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था समेत गरिएको छ।

दिगो विकास लक्ष्यको नियमित अनुगमन पनि उपप्रमुख वा उपाध्यक्षको संयोजकत्वमा रहेको अनुगमन समितिबाट गर्नु उपयुक्त हुन्छ। दिगो विकास लक्ष्यको प्रगति समीक्षा चौमासिक तथा वार्षिक रूपमा गर्नुपर्दछ। राष्ट्रिय योजना आयोग र प्रदेश योजना/नीति

आयोगमा निर्धारित ढाँचामा दिगो विकास लक्ष्य कार्यान्वयनको नियमित प्रगति प्रतिवेदन पठाउनुपर्दछ । राष्ट्रिय योजना आयोगले दिगो विकास लक्ष्य अनुगमनका लागि संस्थागत व्यवस्था गरेको छ ।

स्थानीय तहमा समेत दिगो विकास लक्ष्यको प्रभावकारी कार्यान्वयन अवस्थाको समग्र प्रगति अनुगमनका लागि देहायबमोजिम दिगो विकास लक्ष्य कार्यान्वयन समितिको संरचना निर्माण गर्नु आवश्यक हुन्छ ।

| क्र.सं. | पद | जिम्मेवारी | कैफियत |
|---|---|---|---|
| १ | प्रमुख/अध्यक्ष | संयोजक | |
| २ | उपप्रमुख/उपाध्यक्ष | उप संयोजक | |
| ३ | प्रमुख प्रशासकीय अधिकृत | सदस्य | |
| ४ | प्रमुख/अध्यक्षले मनोनीत गरेको निजी क्षेत्र र नागरिक समाजका ५ जना प्रतिनिधि (कम्तिमा १ जना महिला अनिवार्य र केही विज्ञ सदस्य मनोनित गर्न सकिने) | सदस्य | |
| ५ | योजना हेर्ने महाशाखा/शाखा प्रमुख | सदस्य सचिव | |

### २. भिएलआरका लागि लक्ष्य, परिमाणात्मक लक्ष्य र सूचकहरुको छनौट :

एक पटकको भिएलआरमा सबै लक्ष्यहरुको समीक्षा नहुन सक्छ तसर्थ समितिले पालिकामा प्राथमिकताको आधारमा लक्ष्य, परिमाणात्मक लक्ष्य र सूचक छनौट गर्न सक्छ । भिएलआरका लागि लक्ष्य, परिमाणात्मक लक्ष्य र सूचक छनौट गर्दा पहिला बेसलाइन तयार भएको भएमा ती सूचकहरु प्राथमिकतामा राख्दा प्रतिवेदन अझ तथ्यपरक हुन आउँछ ।


### ३. प्रतिवेदन ढाँचा निर्माण तथा समितिद्वारा अनुमोदन :

भिएलआर तयारीका लागि समिति निर्माण भए पछि भिएलआरको प्रतिवेदनको ढाँचा तयार गरि समितिबाट अनुमोदन गर्नु पर्दछ । प्रतिवेदनको ढाँचा तयार गर्दा तथ्य तथ्याङ्क र पुष्टी हुने तथा संकलन गर्न सकिने सूचनाहरु ल्याउने गरि गर्नु पर्दछ । प्रतिवेदनको ढाँचा तल उल्लेख गरिएको छ ।

**४. जिम्मेवारी बाँडफाँड** : भिएलआरका लागि समितिले पालिकाका विभागिय प्रमुख तथा अन्य सरोकारवालाहरुलाई जिम्मेवारी तोक्न सकिन्छ। यसरी जिम्मेवारी तोक्दा दिइने जिम्मेवारी र निर्धारण गरेको समय पनि स्पष्ट उल्लेख गर्नु पर्दछ।

**५. सरोकारवालाहरु छनौट तथा छलफल** : स्थानीय प्राथमिकता सूचकहरुको सवालहरुमा विभिन्न सरोकारवालाहरु सँग परामर्श, छलफल, भेला आयोजना गर्न जरुरी छ। धेरै सरोकारवालाहरुसँग छलफल गरि दिगो विकास लक्ष्यमा गरेका कामहरु र सवालहरुको जानकारी लिन सकेमा प्रतिवेदन  निर्माण राम्रो हुन्छ। पालिकामा रहेका स्वास्थ्य कार्यालय, सुरक्षा निकायहरु, विद्यालयका शिक्षकहरु, स्थानीय संघसंस्थाहरु, निजी क्षेत्र तथा सहकारी, पछाडि पारिएका क्षेत्र वर्ग, विज्ञहरु तथा अन्य विभिन्न निकायहरुलाई कार्याशालाको आयोजना गरि छलफलमा सहभागी गराउन सकिन्छ।

**सरोकारवालाहरु**



## ६. सूचना तथा तथ्याङ्क संकलन विधि छनौट र तथ्याङ्क संकलन (सेकेण्डरी तथ्याङ्क र प्राथमिक तथ्याङ्क)

भिएलआरका लागि छनौट भएका लक्ष्य, परिमाणात्मक लक्ष्य र सूचकहरुको विभिन्न श्रोतहरुबाट वास्तविक अवस्थाका बारेमा तथ्याङ्क लिनु पर्छ। यसरी तथ्याङ्क लिँदा प्राथमिक श्रोत र सेकेण्डरी श्रोत दुबै विधि अपनाउन सकिन्छ । प्राथमिक श्रोतमा सर्वेक्षण गरि तथ्याङ्क लिन सकिन्छ भने सेकेण्डरी श्रोतमा स्थानीय पालिका ऐन, कानुन, वार्षिक नीति तथा कार्यक्रमहरु, दिगो विकास स्थानीयकरणका प्रयासहरु, योजना तथा प्रगति प्रतिवेदनहरु, राष्ट्रिय योजना आयोग तथा प्रादेशिक योजना आयोगका दिगो विकास स्थानीयकरण सम्वन्धि दस्तावेज, विभिन्न संस्थाहरु र अन्य निकायका पालिकामा दिगो विकासका लागि भएको योगदान र अन्य पालिकाहरुको नमुना प्रतिवेदनबाट तथ्याङ्क र आवश्यक जानकारी लिन सकिन्छ। सर्वेक्षण नमुना फारम अनुसूचीमा राखिएको छ।

## ७. मस्यौदा प्रतिवेदन तयारी

विभिन्न चरणबाट मस्यौदा समीक्षा प्रतिवेदन तयार भए पछि समितिले अनुमोदन गरि सुझावका लागि सबै सरोकारवालमा पठाउनु पर्छ। प्रतिवेदनमा आएका सुझावहरुलाई समेटेर अन्तिम प्रतिवेदन तयार गर्ने र प्रतिवेदनलाई पारित गरि प्रकाशित गर्न सकिन्छ। प्रतिवेदन सार्वजनिक गरि सबै सरोकारवालाहरुमा वितरण गर्ने साथै राष्ट्रिय योजना आयोग र प्रदेश नीति तथा योजना आयोगमा आधिकारिक रुपमा पठाउनु पर्छ । प्रतिवेदनको सारसंक्षेप अंग्रजीमा तयार गरि संयुक्त राष्ट«संघ पठाउन पनि सकिन्छ। प्रतिवेदनमा आएका सुझावका आधारमा पालिकाको नीति, योजना तथा कार्यक्रम र बजेट तर्जुमा गरि दिगो विकास लक्ष्य प्राप्त गर्नका लागि महत्वपूर्ण योगदान गर्न सकिन्छ।

# भिएलआरको प्रतिवेदनको ढाँचा

स्वैच्छिक स्थानीय समीक्षाको प्रतिवेदन पनि राष्ट्रिय प्रतिवेदनकै ढाँचामा लेख्न सकिन्छ। यसमा माथि उल्लेखित दिगो विकास लक्ष्यका स्थानीय तहसँग सम्बन्धित सूचकहरुको कार्यान्वयन अवस्थाको समीक्षा गरिन्छ । पहिलो स्वैच्छिक स्थानीय समीक्षालाई आधार वर्ष मानि त्यसपछि गरिने समीक्षामा आधार वर्षको प्रतिवेदन पछाडिको कार्यान्वयन अवस्था उल्लेख गरिन्छ । स्वैच्छिक स्थानीय समीक्षाको प्रतिवेदनलाई तपशिल बमोजिमको ढाँचामा लेख्नु राम्रो हुन्छ।

१. **स्थानीय सरकार प्रमुखको मन्तव्य** : यसमा अध्यक्ष वा नगर प्रमुखले स्थानीय तहसँग सम्बन्धित सूचकहरुको आफ्नो स्थानीय तहमा कार्यान्वयनको वर्तमान अवस्था तथा स्थानीय तहले दिगो विकास लक्ष्यको कार्यान्वयनका लागि स्थानीय विकास योजना, रणनीति, नीति तथा अन्य सान्दर्भिक दस्तावेज मार्फत तथा विषयगत नीति, विशिष्टिकृत कार्यक्रम तथा आर्थिक नीति मार्फत गरेको प्रतिवद्धताका कुराहरुको झलक राख्न सकिन्छ। यसमा दिगो विकास लक्ष्य जारी भए पछि प्राप्त नतिजा वा परिणाम उल्लेख गर्दै स्थानीय तहमा दिगो विकास लक्ष्य प्राप्तिका लागि चाल्नुपर्ने कदमहरु उल्लेख गर्न सकिन्छ।

२. **कार्यान्वयनको मुख्य मुख्य झलकहरु** :

१ देखि २ पेजसम्ममा मुख्य मुख्य झलकहरु प्रस्तुत गर्न सकिन्छ। जस्तै :

- स्थानीय तहमा गरिने समीक्षा प्रतिवेदनको मुख्य तत्वहरु उल्लेख गर्ने,
- दिगो विकास लक्ष्य कार्यान्वयनको अवस्था झल्कने किसिमको सम्भव भएसम्म दिगो विकासका सूचकहरुको तथ्याङ्क, कार्यान्वयनमा भएको प्रगति वा हुन नसकेकोमा सो को कारण उल्लेख गर्ने,
- कसैलाई पछाडि नपारिने सिद्धान्तप्रति सरकारले गरेको प्रयास उल्लेख गर्ने,
- दुई वा तीनवटा असल अभ्यास र सिकाईका उदाहरणहरु उल्लेख गर्ने जुन अन्य पालिकाका लागि सान्दर्भिक हुन सकुन्,

- दुई वा तीनवटा चुनौतिका उदाहरणहरु उल्लेख गर्ने जुन विषयमा पालिकाले अन्य पालिका वा सरोकारवालाहरुबाट केही सिकाई हासिल गर्न सकोस्,
- स्थानीय तहलाई दिगो विकास लक्ष्य कार्यान्वयनका लागि संघीय वा प्रदेश सरकारबाट सहायता आवश्यक पर्ने क्षेत्रहरुः जस्तै आर्थिक, क्षमता विकास, नीतिगत सुझाव, तथ्याङ्क संकलन तथा विश्लेषण, प्रविधि, साझेदारी वा अन्य ।

## ३. प्रतिवेदनको परिचय

यस खण्डमा प्रतिवेदनको पृष्ठभुमि र उद्देश्यलाई प्रस्तुत गरिन्छ । परिचयमा स्थानीय तहको महत्वपूर्ण विशेषताहरुलाई दिगो विकास लक्ष्यसँग जोडेर प्रस्तुत गर्दा राम्रो हुन्छ । यसैगरी स्थानीय तहको विकास योजना, रणनीति तथा आर्थिक र बजेट व्यवस्थापनमा कसरी दिगो विकास लक्ष्यको एजेण्डालाई जोडिएको छ उल्लेख गरिन्छ । स्थानीय तहले जारी गरेको नीतिले कसरी दिगो विकासका तीन पक्षहरु (आर्थिक, सामाजिक र वातावरणीय) को कार्यान्वयन गर्ने व्यवस्था गरेको छ, छोटकरीमा सोको समेत उल्लेख गर्न सकिन्छ ।

## ४. समीक्षा प्रतिवेदनको विधि र प्रक्रिया

यस खण्डमा प्रतिवेदनको तयारीका क्रममा अवलम्बन गरिएको प्रक्रियाको विषयमा उल्लेख गरिन्छ । जसमा प्रतिवेदनको क्षेत्र, गहिराई तथा सिमा लगायतका कुरा उल्लेख गरिन्छ । समीक्षा प्रतिवेदन लेखन प्रक्रियाको महत्वपूर्ण पक्ष भनेको सहभागिता हो । यसमा प्रतिवेदन लेखनको क्रममा कस कससँग परामर्श गरियो, उल्लेख गरिन्छ, जस्तैः स्थानीय जनप्रतिनिधि, प्रदेश तथा संघीय संसदमा प्रतिनिधित्व गर्ने प्रतिनिधि, स्थानीय तहमा क्रियाशिल दलका प्रतिनिधिहरु, नागरिक समाजका प्रतिनिधिहरु, अपाङ्गता भएका व्यक्तिहरु, आदिवासी जनजाती, महिला, यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक, युवा, व्यवसायिक क्षेत्र, प्राज्ञिक व्यक्ति, विभिन्न अन्तर्राष्ट्रिय संस्थाका प्रतिनिधिहरु लगायतको सहभागिता महत्वपूर्ण हुन्छ । प्रतिवेदन लेखनको क्रममा परामर्श बैठकहरुमा सहभागिता गराएर सबैको स्वामित्व हुने गरि प्रतिवेदन लेखियो लेखिएन उल्लेख गर्नुपर्दछ ।

## ५. नीति तथा सवलीकरण गर्ने वातावरण

### (क) दिगो विकास लक्ष्य र स्थानीय समीक्षाप्रतिको स्वामित्व

समीक्षा प्रतिवेदनको यस खण्डमा दिगो विकास लक्ष्यको कार्यान्वयनमा कसरी सबै सरोकारवालाहरु, जस्तै स्थानीय सरकार, राष्ट्रिय मानव अधिकार संस्थाहरु, नागरिक, नागरिक समाज र निजी क्षेत्रहरुको सहभागिता गराइएको छ भन्ने कुरा उल्लेख गरिन्छ । समीक्षा प्रतिवेदनमा महिला, युवा, बालबालिका, अपाङ्गता भएका व्यक्तिहरु, एचआईभी भएका व्यक्तिहरु, जेष्ठ नागरिक, आदिवासी जनजाती, विस्थापित भएका व्यक्तिहरु तथा अन्य सí6fसन्न अवस्थामा रहेका व्यक्तिहरुको दिगो विकास लक्ष्यहरुको कार्यान्वयनमा सहभागिता तथा संलग्नता कसरी गराईएको छ र उनीहरुको सहभागिताले के योगदान गरेको छ उल्लेख गरिन्छ ।

### (ख) स्थानीय तहको नीति तथा कानूनमा दिगो विकास लक्ष्य समावेस

स्थानीय तहको विकास योजना, रणनीति तथा आर्थिक र बजेट व्यवस्थापनमा कसरी दिगो विकास लक्ष्यको एजेण्डालाई जोडिएको छ उल्लेख गरिन्छ ।

### (ग) आर्थिक, सामजिक तथा वातावरणीय आयामको एकीकरण

स्थानीय तहले जारी गरेको नीतिले कसरी दिगो विकासका तीन पक्षहरु (आर्थिक, सामाजिक र वातावरणीय) को कार्यान्वयन गर्ने व्यवस्था गरेको छ, सोको समेत उल्लेख गर्न सकिन्छ ।

### (घ) कसैलाई पनि पछाडि नपारिने कुराको मुलप्रवाहीकरण

कसैलाई पछाडि नपारिने सिद्धान्तप्रति स्थानीय तहले गरेको प्रयास उल्लेख गर्नुपर्दछ ।

### (ङ) संस्थागत संयन्त्र

समीक्षा प्रतिवेदनमा स्थानीय तहले दिगो विकास लक्ष्य कार्यान्वयनका लागि सिर्जना गरेको संयन्त्रको बारेमा उल्लेख गरिन्छ । यसमा स्थानीय स्तरमा कार्यरत संयन्त्रहरु, निकायहरु, सरकारका निकाय, गैरसरकारी सरोकारवालाहरु, लगायतका सिमान्तकृत वर्गको समेत कसरी प्रतिनिधित्व गराईएको छ, सोको उल्लेख गरिन्छ । यसमा स्थानीय तहले बनाएको संयन्त्रले कसरी दिगो विकास लक्ष्यको कार्यान्वयनलाई प्रभावकारी, उत्तरदायी तथा समावेशी रुपमा अगाडि बढाएको छ, सो समेत उल्लेख गरिन्छ ।

### (च) संरचनागत मुद्धा

समीक्षा प्रतिवेदनमा स्थानीय तहले दिगो विकास लक्ष्य २०३० को कार्यान्वयनका लागि संरचनागत अवरोधहरु के कस्ता रहेका छन् र यसमा प्रदेशको वा संघीय सरकारले जारी गरेको कुनै नीतिगत, आर्थिक वा सामाजिक नीतिको प्रभाव परेको भए सो समेत उल्लेख गरिन्छ ।

## ६. लक्ष्यहरु तथा सूचकहरुमा भएको प्रगति

समीक्षा प्रतिवेदनको यो खण्डमा स्थानीय तहले दिगो विकास लक्ष्य २०३० को कार्यान्वयनका लागि गरेको प्रयास समालोचनात्मक ढंगले उल्लेख गरिन्छ । साथै सूचकहरुको कार्यान्वयन अवस्था र सम्भव भएसम्म खण्डीकृत रुपमा तथ्याङ्क सहित कार्यान्वयन अवस्थालाई समेत उल्लेख गरिन्छ ।

## ७. कार्यान्वयनको माध्यम

समीक्षा प्रतिवेदनको यो खण्डमा स्थानीय तहले दिगो विकास लक्ष्य २०३० को कार्यान्वयनका लागि माथि उल्लेख गरिएका चुनौती र प्रवृत्तिको आधारमा कार्यान्वयनका लागि प्रयोग गरिएको माध्यम उल्लेख गरिन्छ । यस्ता माध्यमहरुमा आर्थिक, प्रविधि, दक्षता अभिवृद्धि लगायत पर्दछन् । यसमा कार्यान्वयन प्रक्रियामा परेका अप्ठेराहरु, तथा आवश्यक पर्ने आर्थिक श्रोत व्यवस्थापन (सार्वजनिक, निजी, प्रदेश तथा संघीय सरकारको सहायता, आर्थिक लगानी बिना कार्यान्वयन सम्भव हुने

भए सो कुरा, जस्तै दक्षता अभिवृद्धि, तथ्याङ्क, प्रविधि र साझेदारीका कुराहरु पनि उल्लेख गरिन्छ।

## ८. निष्कर्ष र आगामी दिशा

समीक्षा प्रतिवेदनमा स्थानीय तहले दिगो विकास लक्ष्य २०३० को कार्यान्वयनका क्रममा गरेको सिकाई तथा आगामी रणनीतिको सम्बन्धमा छोटकरीमा उल्लेख गरिन्छ।

# अनूसुची १

## सूचना संकलनका लागि नमूना फारम

पालिकाको नामः ..................................................मिति :

संकलनकर्ताको नामः

पालिको नीतिगत अवस्था : .............................................................

पालिकाले दिगो विकास लक्ष्यका लागि के कस्ता रणनीतिहरु लिएको छ

दिगो विकासका लागि संस्थागत संरचना र प्रभावकारिता : ..................................

पालिकामा दिगो विकाससँग रहेका योजनाहरु के कस्ता रहेका छन् : .........................

पालिकाका कार्यक्रम तथा परियोजनाहरु :.................................................

कार्यक्रमहरु तथा परियोजना कार्यान्वयनको अवस्था : ......................................

आर्थिक श्रोत तथा बजेट :.................................................................

प्राविधिक श्रोत :.........................................................................

मानवीय श्रोत :............................................................................

सरोकारवालाहरु सँगको समन्वयको अवस्था ................................................

मुख्य उपलब्धीहरुको अवस्था :.........................................................

समस्या तथा चुनौतिहरु.....................................................................

आगामी दिनका लागि सुझावहरु ..........................................

सूचकहरु अनुसारको तथ्याङ्क

| लक्ष्य | परिमाणात्मक लक्ष्य | सूचक | आधार अवस्था | परिवर्तन भएको अवस्था | प्रतिशत | परिवर्तनको कारण |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

# स्रोत तथा सन्दर्भ सामग्री


१ दिगो विकास लक्ष्य स्थानीयकरण स्रोत पुस्तिका, नेपाल सरकार, राष्ट्रिय योजना आयोग, सिंहदरबार, काठमाडौं, पुष, २०७७

२ दिगो विकास एजेण्डा २०३० र दिगो विकास लक्ष्यहरुबारे जानकारी पुस्तिका, २०७४ गैसस महासंघ नेपाल,

३ स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, नेपाल सरकार, राष्ट्रिय योजना आयोग, सिंहदरबार, काठमाडौ, २०७८

४ नेपालको सन्दर्भमा दिगो विकास लक्ष्यहरु र मानव अधिकार, राष्ट्रिय मानव अधिकार आयोग हरिहरभबन, ललितपुर, नेपाल, फागुन, २०७६

५ Voluntary common reporting guidelines for Voluntary National Reviews at the high-level political forum for sustainable development (HLPF).

# गैरसरकारी संस्था महासंघ नेपाल

पो.ब.नं. ७७६८, बुद्धनगर, काठमाडौं

फोन : +९७७-१-४७९१३६८, ४७८२९०८, ४७९५५०८

E-mail : info@ngofederation.org

Website : www.ngofederation.org